# म्याग्दी जिल्लाको शैक्षिक झलक २०७०

शैक्षिक सत्र २०७० मा प्राथमिक विद्यालय १४८ , नि.मा.वि. ३४, मा.वि. ३९ र उ.मा.वि. १९ गरी जम्मा २४० वटा सामुदायिक विद्यालयहरु सञ्चालनमा छन् । शिक्षक दरबन्दी तर्फ राहत समेत गरी प्राथमिक तहमा ८३०, नि.मा.वि. तहमा २४६, माध्यमिक तहमा १६५ र उच्च माध्यमिक तहमा २९ गरी कुल जम्मा १२७० छ । संस्थागत विद्यालय तर्फ प्राथमिक विद्यालय १४ ( यस शैक्षिक सत्रमा बन्द भएका प्राथमिक तहका ३ समेत गरी ), नि.मा.वि. ७, मा.वि. ५ र उ.मा.वि. २ गरी जम्मा २८ वटा सञ्चालनमा छन् । विस्तृत विवरण तलका तालिकहरुमा दिइएको छ :

**<u>१) सामुदायिक विद्यालयतर्फ तहगत एवम् श्रेणीगत शिक्षक दरबन्दी विवरण :</u>**

| Level | Total Number | | III rd Class ( Darbandi + Rahat) | IInd Class ( till 070 Aashad ) | | Ist Class ( till 070 Falgun ) | |
|---|---|---|---|---|---|---|---|
| | Darbandi | Rahat | | No of tr working | Vacant | No of tr working | Vacant |
| Primary | 697 | 133 | 558+133 | 123 | 3 | 12 | 1 |
| LS | 175 | 71 | 140+71 | 31 | 1 | 3 | 0 |
| Secondary | 115 | 50 | 91+50 | 20 | 2 | 1 | 1 |

**२)संचालित कक्षा वा तह अनुसार संस्थागत र सामुदायिक विद्यालयको संख्यात्मक विवरण (Number of School ,Teacher and Student of all Categories (** 2070 )

१२ वटा स्रोतकेन्द्र भएको यस जिल्लामा २ पब्लिक क्याम्पस, १ निजि क्याम्पस, १ मदर्शा, १ बेदविद्याश्रम (हाल वन्द अवस्थामा ) , १ खुल्ला विद्यालय, १ ऐनेक्स तर्फको टि.इ.भि.टी, १ गृहिणी ( हाल बन्द अवस्थामा ), १९ सामुदायिक अध्ययन केन्द्र र १ माध्यमिक तहको सिभिल इन्जीनियरिङ्ग ( प्राविधिक धार ) गरी विभिन्न प्रकृतिका शिक्षण संस्थाहरु सञ्चालनमा छन् भने हाल सम्म २५ वटा समुदायमा आधारित र १९५ वटा विद्यालयमा आधारित गरी जम्मा २२० वटा बालविकास केन्द्र सञ्चालनमा छन् ।

२०६६ साल सम्म अनुमति प्राप्त गरेका र उक्त शैक्षिक सत्रको विद्यार्थी सख्यालाई आधार मानेर सबै तहको शिक्षक दरबन्दी मिलान गर्दा म्याग्दी जिल्लामा प्राथमिक तहमा १३२ दरबन्दी बढी देखियो भने नि.मा .र मा.तहमा क्रमश: ६७ र ५४ दरबन्दी कमी हुन आयो । शैक्षिक सत्र २०७० सम्म आइपुग्दा केही प्राथमिक विद्यालयहरु समायोजन भए भने केही विद्यालयहरुको स्तरवृध्दि गरिए । स्तर वृध्दि भएसँगै निमावि र माध्यमिक तहमा मौजुदा शिक्षा नियमावली बमोजिम न्यूनतम दरबन्दी हिसाव गर्दा १११ निमा तहको दरवन्दी कमी हुन्छ भने माध्यमिक तहमा १२५ ओटा थप दरबन्दी आवश्यक देखिन्छ ।

**सञ्चालित कक्षा वा तह अनुसार संस्थागत र सामुदायिक विद्यालय**

| Schools with | Community School With Levels | | Private (Institutional) School with Levels | |
|---|---|---|---|---|
| Grade 1 | 3 | Primary Level 148 | 0 | Primary Level 14 |
| Grade 1-2 | 5 | | 1 | |
| Grade1-3 | 38 | | 6 | |
| Grade 1-4 | 7 | | 4 | |
| Grade 1-5 | 95 | | 3 | |
| Grade 1-6 | 1 | Lower Sec. | 0 | Lower Sec. Level 7 |

| | | | | |
|---|---|---|---|---|
| Grade 1-7 | 8 | Level 34 | 1 | |
| Grade 1-8 | 25 | | 6 | |
| Grade 1-9 | 3 | Secondary Level 39 | 0 | Secondary Level 5 |
| Grade 1-10 | 36 | | 5 | |
| Grade 1-11 | 1 | HS Level 19 | 0 | HS Level 2 |
| Grade 1-12 | 18 | | 2 | |
| **Total** | **240** | 240 | **28** | 28 |

Note : Public Campus -2 ; Private Campus-1; Madarsa-1; Open School(Grade9-10) -1;TEVT (Annex Program)-1;Community Learning Center-19; Secondary Level Technical Stream-1

**३) स्रोतकेन्द्रगत सामुदायिक विद्यालय (RC-wise Number of Community Schools -2070) :**

| Resource Centre | VDCs | Total Number of Schools | | | |
|---|---|---|---|---|---|
| | | PS | L. Sec. | Sec. | HSS |
| Bhu-Tatopani | Narchyang,Dana,Dowa, Bhu-Tatopani | 9 | 1 | 2 | 2 |
| Ghara | Ghara,Shikha | 10 | 1 | 1 | 2 |
| Rima | Histanmandali, Ramche | 4 | 3 | 2 | 1 |
| Rakhu | Rakhubhagawati,Begkhola,Dagnam ,Rakhupiple | 10 | 2 | 4 | 1 |
| Beni | Arthunge,Ghatan | 12 | 1 | 1 | 4 |
| Pakhapani | Jhin,Patlekhet,Pakhapani,Chimkhola,Kuinemangale | 15 | 3 | 5 | 0 |
| Bhakunde | Jyamrukkot, Bhakimli,Ratnechour | 12 | 4 | 2 | 2 |
| Singha | Singha,Pulachour,Baranja | 20 | 4 | 3 | 2 |
| Babiyachour | Babiyachour,Kuhu, Arman | 18 | 3 | 4 | 2 |
| Darwang | Darwang , Ruma, Niskot,Okharbot | 17 | 6 | 4 | 1 |
| Marang | Marang,Malkawang,Bima | 8 | 2 | 2 | 1 |
| Siwang | Takam,Gurja,Mudi,Muna,Lulang,Devisthan | 13 | 4 | 9 | 1 |
| | Total | 148 | 34 | 39 | 19 |

**४) म्याग्दी जिल्लामा नयाँ विद्यालय खोल्ने र स्तरवृध्दि गर्ने प्रवृत्ति (Trend of School Establishing and Upgrading in Myagdi ) :**

**४.१ ) सामुदायिक विद्यालयतर्फ ( Community Schools):**

| शै.सत्र | प्रा.बा.बि.के. | प्राथमिक | निमावि | मावि | उमावि | प्रा.देखि उमावि सम्मको जम्मा |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०६६ | १७४ | १५६ | ३४ | ३६ | ८ | २३४ |
| २०६७ | १९४ | १५६ | ३७ | ३४ | १५ | २४२ |
| २०६८ | २१४ | १५८ | ३७ | ३२ | १७ | २४४ |
| २०६९ | २२० | १५० | ३४ | ३९ | १९ | २४२ |
| २०७० | २२० | १४८ | ३४ | ३९ | १९ | २४० |

उपर्युक्त तालिकालाई हेर्दा शै.सत्र २०६६ मा प्राथमिक तहका विद्यालय संख्या १५६ भएकोमा २०७० मा आइपुग्दा जम्मा १४८ मात्र सञ्चालनमा छन् भने निमा तहका २०६६ देखि २०७० सम्म ३४ ओटामा नै स्थिर छ। त्यस्तै गरी २०६६ मा माध्यमिक तहका ३६ ओटा विद्यालय सञ्चालनमा थिए भने २०७० मा त्यो संख्या ३९ मा आइपुग्यो। विद्यालयहरु बीचको दूरी र न्यून विद्यार्थी संख्याको कारण विद्यालय समायोजन गरिनु तथा तह वृध्दि गरिएका कारण प्राथमिक तहका विद्यालय संख्या पछिल्ला वर्षहरुमा क्रमश : घट्दो क्रममा छ भने माध्यमिक तहका विद्यालय संख्या क्रमिक रुपमा बृध्दि हुँदै आएको देखिन्छ। तर उमा तहका विद्यालय संख्यामा पछिल्ला वर्षहरुमा उल्लेख्य वृध्दि भएको देखिन्छ।

### ४) संस्थागत विद्यालयतर्फ (Institutional Schools):

| शै.सत्र | प्रा.बा.वि.के. | प्राथमिक | निमावि | मावि | उमावि | प्रा.देखि उमावि सम्मको जम्मा |
|---|---|---|---|---|---|---|
| २०६६ | २६ | १८ | ३ | ४ | १ | २६ |
| २०६७ | ३० | १७ | ७ | ४ | २ | ३० |
| २०६८ | ३१ | १५ | ७ | ७ | २ | ३१ |
| २०६९ | २८ | १४ | ७ | ५ | २ | २८ |
| २०७० | २८ | १४ | ७ | ५ | २ | २८( हाल ३ ओटा प्रा.तहका संस्थागत विद्यालयहरु सञ्चालनमा नरहेको ) |

## ५) विद्यार्थी भर्ना प्रवृत्ति (Trend of Students' Enrollment):

### ५.१) विभिन्न शैक्षिक सत्रमा सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थीको भर्नास्थिति :

| Level | Academic Yr.2068 | | | Academic Yr.2069 | | | Acad emic Yr.2070 | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Public (Com.) | Private (Ins.) | Total | Public (Com.) | Pvt. (Ins.) | Total | Public (Com.) | Pvt. (Ins.) | Total |
| Basic ( 1-5 ) | 16021 | 3285 | 19306 | 14718 | 3069 | 17787 | 13732 | 3140 | 16872 |
| Basic(6-8) | 8036 | 1109 | 9145 | 8072 | 1186 | 9258 | 8129 | 1337 | 9466 |
| Sec.(9-10) | 4044 | 473 | 4517 | 4019 | 554 | 4573 | 4187 | 662 | 4849 |
| Sec.(11-12) | 993 | 432 | 1425 | 1138 | 459 | 597 | 1889 | 393 | 2282 |
| Total | 29094 | 5299 | 34393 | 27947 | 5268 | 33215 | 27937 | 5532 | 33469 |

शैक्षिक सत्र २०६७, २०६८, २०६९ र २०७० मासामुदायिक र संस्थागत विद्यालयमा भर्ना भएका विद्यार्थी संख्यालाई विश्लेषण गर्दा देहाय बमोजिमको अवस्था पाइयो ।

- सामुदायिक विद्यालय तर्फ प्राथमिक तहमा शैक्षिक सत्र २०६७ को तुलनामा शैक्षिक सत्र २०६८ ,२०६९ र २०७० मा क्रमशः ११.८% ,१८.९% र २४.४% ले घटेको देखिन्छ । ( कारण : तथ्याङ्को सुद्धिकरण हुदै जानु ,२०५८ को तुलनामा २०६८ को कुल जनसंख्यामा कमी हुनु ,संस्थागत विद्यालयमा विद्यार्थी भर्ना दरमा क्रमिक वृद्धि हुनु )।
- सामुदायिक विद्यालय तर्फ निम्न माध्यमिक तहमा शैक्षिक सत्र २०६७ को तुलनामा शैक्षिक सत्र २०६८ ,२०६९ र २०७० मा क्रमशः ०.९ % ,१.४ % र २.२ % ले बढेको देखिन्छ ।( कारण : नि.मा.तहको पढाइ हुने विद्यालय संख्यामा वृध्दि भै सहज पहुँच हुनु , उक्त तहको शिक्षामा समुदायको चेतना अभिवृध्दि हुनु ) ।
- सामुदायिक विद्यालय तर्फ माध्यमिक तहमा शैक्षिक सत्र २०६७ को तुलनामा शैक्षिक सत्र २०६८ ,२०६९ र २०७० मा क्रमशः ०.९ % ,०.४ % र ४. ६% ले बढेको देखिन्छ । ( कारण : मा.तहको पढाइ हुने विद्यालय संख्यामा वृध्दि भै सहज पहुँच हुनु , शिक्षाको आवश्यकता प्रति समुदायको चेतना अभिवृध्दि हुनु ) ।
- सामुदायिक विद्यालय तर्फ उच्च माध्यमिक तहमा शैक्षिक सत्र २०६७ को तुलनामा शैक्षिक सत्र २०६८ ,२०६९ र २०७० मा क्रमशः- ०.०५% ,८.९% र ८०.८ % ले बढेको देखिन्छ । ( कारण : उच्च मा.तहको पढाइ हुने विद्यालय संख्यामा उल्लेख्य वृध्दि भै सहज पहुँच हुनु , शिक्षाको आवश्यकता प्रति समुदायको चेतना अभिवृध्दि हुनु ) ।

### ५.२) सामुदायिक विद्यालयमा दलित समुदायका विद्यार्थीको भर्नादर (Percentage Sharing of Dalit Students at Community School):

| Level | Academic Yearwise % Sharing of Dalit Students | | | |
|---|---|---|---|---|
| | **2067** | **2068** | **2069** | **2070** |
| Basic ( 1-5 ) | 39.2 | 39.2 | 39.8 | 40.05 |
| Basic(6-8) | 25.9 | 27.1 | 28.8 | 29.7 |
| Sec.(9-10) | 16.0 | 17.2 | 18.7 | 20.6 |
| Sec.(11-12) | 9.0 | 10.1 | 18.6 | 12.8 |
| Grade 1-12 | 31.7 | 31.8 | 32.7 | 28.5 |

२०६७ देखि २०७० सम्मको चार शैक्षिक सत्रमा सामुदायिक विद्यालयमा भर्ना भएका दलित समुदायका छात्र छात्राको संख्यालाई विश्लेषण गर्दा यस प्रकार देखिन्छ :

- प्रत्येक तहमा अघिल्लो शैक्षिक सत्रको तुलनामा पछिल्ला शैक्षिक सत्रहरुमा दलित समुदायको विद्यार्थी भर्ना दर बृद्धि भएको देखिन्छ ,जुन सकारात्मक परिवर्तन हो ।
- तह बृद्धि सँगै दलित समुदायका बाल बालिकाहरुको भर्ना दर घटेको देखिन्छ अर्थात तहबृद्धि सँगै यस समुदायका बाल बालिकाको विद्यालय शिक्षाको पहुँचमा कमी छ जुन सोचनीय हुन आउँछ ।

अतः तुलनात्मक रुपमा पछिल्ला शैक्षिक सत्रहरुमा यस समुदायका बाल बालिकाको विद्यालयमा पहुँच बृद्धि हुनु सन्तोषको विषय भए पनि अझै नि.मा.वि., मा.वि. र उ.मा.वि. मा क्रमश पहुँच कम भएबाट प्राथमिक तहमा भर्ना भएका बालबालिकाहरुलाई माथिल्ला कक्षाहरुमा भर्ना गर्न गराउन विशेष चासो, प्रोत्साहन र सचेतनाको आवश्यकता छ।

**५.३)शैक्षिक सत्र २०७० मा सामुदायिक र संस्थागत विद्यालयमा जनजाति, दलित र व्राम्हणक्षेत्री समुदायका विद्यार्थीको भर्ना प्रवृत्तिको तुलना :**

| Level | % Sharing of Brahman Chhetri , Janajati and Dalit Students on the Academic Year 2070 | | | | | |
|---|---|---|---|---|---|---|
| | Brahman Chhetri | | Janajati | | Dalit | |
| | **सामुदायिक** | **संस्थागत** | **सामुदायिक** | **संस्थागत** | **सामुदायिक** | **संस्थागत** |
| Basic ( 1-5 ) | 18.17 | 44.28 | 41.78 | 43.85 | 40.05 | 11.87 |
| Basic(6-8) | 25.59 | 42.35 | 44.71 | 49.58 | 29.7 | 8.07 |
| Sec.(9-10) | 30.36 | 45.78 | 49.03 | 48.33 | 20.61 | 5.89 |
| Sec.(11-12) | 42.46 | 29.58 | 44.68 | 15.77 | 12.86 | 3.81 |
| Grade 1-12 | 27.49 | 47.15 | 43.97 | 43.18 | 28.54 | 9.67 |

- सामुदायिक विद्यालयमा व्राम्हण क्षेत्री समुदायका बालबालिकाहरुको भर्ना दर खास गरी प्राथमिक तहमा ज्यादै न्युन देखिन्छ , जस्तै : सामुदायिक विद्यालयमा यो समुदायको बालबालिकाले ओगटेको हिस्सा क्रमशः प्राथमिक, निमा, माध्यमिक र उमाविमा १८.१७% , २५.५९% ,३०.३६% र ४२.४६% छ भने सोही समुदायको संस्थागत तर्फ क्रमशः ४४.२८% , ४२.३५%, ४५.७८% र २९.५८% छ।
- सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा जनजाति समुदायका बालबालिकाहरुको भर्ना दर झण्डै झण्डै हाराहारीमा देखिन्छ , जस्तै : सामुदायिक विद्यालयमा यो समुदायको बालबालिकाले ओगटेको हिस्सा क्रमशः प्राथमिक, निमा, माध्यमिक र उमाविमा ४१.७८% , ४४.७१% , ४९.०३% र ४४.६८% छ भने सोही समुदायको संस्थागत तर्फ क्रमशः ४३.८५% , ४९.५८%, ४८.३३% र १५.७७ % छ।
- सामुदायिक विद्यालयमा दलित समुदायका बालबालिकाहरुको भर्ना दर संस्थागत विद्यालयमा भन्दा धेरै नै बढी छ , जस्तै : सामुदायिक विद्यालयमा यो समुदायको बालबालिकाले ओगटेको हिस्सा क्रमशः प्राथमिक, निमा, माध्यमिक र उमाविमा ४०.०५% , २९.७% , २०.६% र १२.८६% छ भने सोही समुदायको संस्थागत तर्फ क्रमशः ११.८७% ,८.१% , ५.९% र ३.८% छ।
- तुलनात्मक रुपमा अन्य जातजातिको तुलनामा दलित समुदायका बालबालिकाको विद्यालय शिक्षामा पहुँच न्युन छ भने संस्थागत विद्यालयमा यस समुदायका बाल बालिकाहरुको पहुँच झनै न्यून देखिन्छ।

**५.४) सामुदायिक र संस्थागत विद्यालयमा छात्र र छात्राको भर्ना स्थिति :**

| सामुदायिक र संस्थागत विद्यालयमा छात्र र छात्राको भर्ना प्रवृत्ति ( २०७० ) | | | | | |
|---|---|---|---|---|---|
| Level | Academic Yr.2070 | | | | |
| | Public (Com.) | | Pvt.(Ins.) | | Grand Total |
| | Total | Girls | Total | Girls | |
| Basic ( 1-5 ) | 13732 | 7189 (52.4%) | 3140 | 1294 ( 41.2 %) | 16872 |
| Basic(6-8) | 8129 | 4322 (53.2%) | 1337 | 574 (42.9%) | 9466 |

| | | | | | |
|---|---|---|---|---|---|
| Sec.(9-10) | 4187 | 2229 (53.2%) | 662 | 259 (39.1%) | 4849 |
| Sec.(11-12) | 1889 | 1118(59.4%) | 393 | 222 (56.5 %) | 2282 |
| Total | 27937 | 14858(53.2%) | 5532 | 2349(42.5%) | 33469 |

५.५) अपाङ्गता भएका बालबालिकाहरुको विवरण

| Level | Students | Types of Disability | | | | |
|---|---|---|---|---|---|---|
| | | Physical | Low Hearing | Low Vision | Next to 1st three | Total |
| Primary | Girls | 53 | 27 | 33 | 62 | 175 |
| | Boys | 69 | 16 | 30 | 57 | 172 |
| | Total | 122 | 43 | 63 | 119 | 347(1.9%) |
| | | | | | | |
| Lower Secondary | Girls | 50 | 29 | 14 | 46 | 139 |
| | Boys | 45 | 20 | 18 | 39 | 122 |
| | Total | 95 | 49 | 32 | 85 | 261(2.8%) |
| | | | | | | |
| Secondary | Girls | 13 | 2 | 9 | 7 | 31 |
| | Boys | 19 | 1 | 6 | 9 | 35 |
| | Total | 32 | 3 | 15 | 16 | 66(1.4%) |